# उच्च अदालतका माननीय न्यायाधीशहरुका लागि
# राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रशिक्षण कार्यक्रम
# पाठ्यक्रम, २०७८

राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल
मनमैंजू,

## विषयसूची


| विषय | | पेज |
|---|---|---|
| **भाग १ प्रारम्भिक** | | |
| पृष्ठभूमी | | ३ |
| पाठ्यक्रमको परिचय | | ४ |
| प्रशिक्षण पाठ्यक्रमको लक्ष्य र उद्देश्य | | ४ |
| सहभागिता, सहभागी संख्या र अवधि | | ५ |
| पाठयक्रमको संरचना | | ६ |
| पाठ्यक्रमका मोड्युल वा सत्रहरु | | ६ |
| सत्र सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन | | ८ |
| **भाग २ मोड्यूल तथा सत्रहरु** | | |
| **मोड्यूल १** | **राजश्व सम्बन्धी सैद्धान्तिक अवधारणा** | |
| सत्र १ | राजस्व प्रशासनको अवधारणा र नेपालको राजस्व प्रशासन प्रणाली | ९ |
| सत्र २ | नेपालको राजश्व प्रणाली र राजश्व चुहावटका क्षेत्रहरू | ९ |
| **मोड्यूल २** | **राजस्व प्रशासन सम्बन्धी कानूनहरु** | |
| सत्र १ | भन्सार ऐन, २०६४ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | ११ |
| सत्र २ | आयकर ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | ११ |
| सत्र ३ | मूल्य अभिवृद्धि कर ऐन, २०५२ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | १२ |
| सत्र ४ | अन्तः शुल्क ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | १३ |
| सत्र ५ | राजस्व प्रशासन सम्बन्धी कानूनहरू बीचको अन्तरसम्बन्ध, समस्या र चुनौति (उच्च अदालतको राजस्व सम्बन्धी मुद्दामा क्षेत्राधिकार) | १४ |
| सत्र ६ | विदेशी विनिमय अपचलन सम्बन्धी कसूर र कानूनी व्यवस्था | १४ |

| | | |
|---|---|---|
| **मोड्यूल ३** | **राजश्व चुहावट सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन** | |
| सत्र १ | राजश्व चुहावट सम्बन्धी मुद्दाको अनुसन्धान पद्धति | १५ |
| सत्र २ | राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन नीति, पद्धति, कार्यविधि र आधारहरू | १५ |
| सत्र ३ | राजश्व चुहावट सम्बन्धी मुद्दामा थुनछेक | १६ |
| सत्र ४ | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले गरेका प्रमुख व्यवस्थाहरू र राजश्व चुहावटको विगो निर्धारण गर्ने तरिका र आधारहरु | १६ |
| **मोड्यूल ४** | **राजश्व चुहावट सम्बन्धी मुद्दामा न्याय सम्पादन** | |
| सत्र १ | राजश्व चुहावट मुद्दामा प्रमाण प्रस्तुतीकरण, परीक्षण र मुल्यांकन र आधारभूत मान्यताहरू | १८ |
| सत्र २ | राजस्व सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण | १९ |
| **मोड्यूल ५** | **समस्या समाधान** | |
| सत्र १ | खुला सत्र (प्यानल) | २० |
| सन्दर्भ सामग्री | | २१ |

## भाग एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमीः

जनशक्तिमा भइरहेको ज्ञानमा थप अभिवृद्धि गर्ने, जनशक्तिलाई काममा सीपयुक्त बनाउने र कार्यशैलीमा सकारात्मक परिवर्तन ल्याउन प्रशिक्षण एक महत्वपूर्ण साधन हो। जुनसुकै संगठनमा काम गर्ने जनशक्तिलाई प्रशिक्षण निरन्तर रुपमा आवश्यक हुन्छ। नियमित न्यायिक शिक्षा द्वारा न्यायाधीश, न्याय सेवाका अधिकृत तथा कर्मचारी, कानून व्यवसायी लगायत न्याय र कानूनका क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले राष्ट्रिय न्यायिक प्रतिष्ठानको स्थापना भएको हो। प्रतिष्ठानको स्थापनाकाल देखि नै न्यायाधीश लगायत विभिन्न जनशक्तिलाई लक्षित गरी प्रतिष्ठानले सेवाप्रवेश/आधारभूत, सेवाकालीन, विषयगत तथा विशिष्टकृत प्रशिक्षणको आयोजना गरी रहेको छ। नागरिक तथा नागरिक राज्यवीच उत्पन्न हुने विभिन्न विवादको शान्तीपूर्ण निरुपणले समाजमा शान्ती सुव्यवस्था कायम रहन्छ । नेपालको संविधानले यही कुरालाई आत्मसात गर्दै न्याय प्रशासन तथा सम्पादनको अभिभारा न्यायपालिकालाई सुम्पिएको छ। न्याय प्रशासन तथा सम्पादन गर्ने काम आफैंमा विशिष्ट, जटिल र शीप तथा दक्षतामूलक काम हो।न्याय गरेर मात्र हुँदैन गरेको देखिनु पर्छ भन्ने उक्तिवाट नै न्याय सम्पादन गर्ने कार्यमा गुणवत्ता आवश्यक पर्ने कुरालाई दर्शाँउछ ।न्यायपालिकावाट हुने न्याय सम्पादनको कार्यमा गुणस्तरीयता कायम गर्ने विभिन्न उपायहरुमध्ये न्यायाधीशको कार्यक्षमता अभिवृद्धी गरी दक्ष र शीपयुक्त बनाउनु पनि एक महत्वपूर्ण उपाय हो। कार्यक्षमता अभिबृद्धी गर्ने माध्यम प्रशिक्षण पनि भएकाले न्यायपालिकाले यसमा जोड दिएको छ।

यस प्रतिष्ठानले सरोकारवाला निकाय र पदाधिकारीहरुको आवश्कता, न्याय र कानूनमाका आएका नविनतम् अवधारणा, कार्यविधिगत एकरुपता र व्यवसायिक दक्षतालाई केन्द्रविन्दु राखी प्रशिक्षण कार्यक्रम आयोजना गर्ने गरेको छ। यसरी कार्यक्रम तयार गर्दा वैज्ञानिक प्रशिक्षण पद्दतीलाई अवलम्बन गर्दै आएको छ। प्रतिष्ठानले प्रशिक्षण चक्रको पद्दतीलाई आत्मसाथ गर्दै सम्बन्धित सरोकारवाला निकाय र सम्भावित सहभागीहरुको आवश्कताको पहिचान गर्ने र सोही आधारमा पाठ्यक्रमहरु निर्धारण गरी कार्यक्रम सञ्चालन आयोजना गर्ने गरेको छ। कार्यक्रम आयोजनाको दौरानमा गरेका मूल्याङ्कन, पृष्ठपोषण, अनुभब र सिकाईबाट पुनः पाठ्यक्रमको परिमार्जन हुने गरेको छ।

### १.२ पाठ्यक्रमको परिचयः

कानून र न्यायका अवधारणा समयानुसार बदलिँदै जाने हुनाले न्यायाधीशलाई निरन्तर प्रशिक्षणको आवश्यकता पर्दछ। यसैक्रममा राजश्व तथा करप्रणालीकामा भएका नयाँ व्यवस्था, चुहावटबाट हुने

नोक्सानी, अधिकारक्षेत्र, प्रचलनमा रहेका कानूनी व्यवस्था, अदालती कार्यविधि लगायतका विषयमा समान बुझाई र विवाद निरुपणमा एकरुपता कायम गर्न उच्च अदालतका माननीय न्यायधीशहरुलाई लक्षित गरी राजश्व चुहावट सम्बन्धी प्रशिक्षणको पाठ्यक्रम तयार गरिएको हो।

सम्माननीय प्रधानन्यायाधीज्यूको निर्देशन, उच्च अदालतका माननीय मुख्य न्यायधीश तथा न्यायाधीशज्यूहरुको सुझाबका आधारमा उच्च अदालतका माननीय मुख्य न्यायाधीश तथा न्यायाधीशज्यूहरुको सहभागितामा प्रशिक्षण आवश्यकता पहिचान गरिएको छ। आवश्यकता पहिचानमा छलफल भएका विषयहरुलाई नै आधार बनाई यस पाठ्यक्रमका विषयहरु चयन भएका छन् ।आवश्कता पहिचान गर्ने क्रममा राजश्व अनुसन्धान विभागका महानिर्देशकज्यू र राजस्व न्यायाधिकरणका सदस्यज्यूको सुझाब समेत लिईएको छ।

### १.३ प्रशिक्षणको लक्ष्य र उद्देश्य:

यस प्रशिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्य देहाय बमोजिम रहेको छ।

**१.३.१ लक्ष्य:** नेपालको राजश्व, कर र राजस्व चुहावट सम्बन्धी मुद्दाको न्यायिक कारवाही र न्याय सम्पादनलाई स्तरीय र प्रभावकारी बनाउने यस कार्यक्रमको लक्ष रहेको छ।

**१.३.२ उद्देश्य:** राजश्व, कर र राजश्व चुहावट सम्बन्धी मुद्दामा उच्च अदालतका माननीय न्यायाधीशहरूको न्याय सम्पादनमा सहजीकरण गरी क्षमता अभिवृद्धि गर्ने यस प्रशिक्षणको मुख्य उद्देश्य रहेको छ । साथै, यस प्रशिक्षणका अन्य उद्देश्य यस प्रकार रहेका छन्।

- भन्सार, आयकर, अन्त शुल्क, मूल्य अभिवृद्धि कर, राजश्व चुहावट नियन्त्रण तथा अनुसन्धान र विदेशी विनिमय नियमित गर्ने ऐनमा भएका व्यवस्था र अन्तरसम्बन्धका बारेमा सहभागीलाई जानकारी गराउने,
- राजश्व चुहावट मुद्दामा गरिने अनुसन्धान, विगो निर्धारण, अभियोजन, प्रमाण परीक्षण र मूल्याङ्कन तथा न्यायिक दृष्टिकोणका बारेमा सहभागीहरुलाई जानकारी गराउने,
- सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तका बारेमा जानकारी गराई न्यायिक सम्पादनमा एकरुपता कायम गराउने।

### १.४ सहभागिता, सहभागी संख्या र अवधि:

विशेष गरी उच्च अदालतका माननीय न्यायाधीशहरुलाई लक्षित गरी सञ्चालन हुने यो प्रशिक्षण कार्यक्रमका लक्षित समूह, सहभागी संख्या र कार्यक्रमको अवधि देहाय बमोजिम हुनेछ।

१.४.१ **सहभागिता:** प्रशिक्षणका सहभागीहरु विशेष गरी उच्च अदालतका माननीय मुख्य न्यायधीश, मुख्य भई कामगर्ने न्यायाधीश र न्यायाधीश हुनेछन् । माग र आवश्कताका आधारमा राजश्व चुहावटको अनुसन्धान अभियोजन र न्याय सम्पादनको कार्यमा सहयोग गर्ने उच्चस्तरका अधिकृतहरु समेतको सहभागिता गराउन सकिनेछ।

१.४.२ **सहभागी संख्या:** प्रशिक्षण अन्तरक्रियात्मक हुने भएकाले एक (१) प्रशिक्षणमा जम्मा पच्चीस (२५) देखि तीस (३०) जनाको सहभागिता हुनेछ।

१.४.३ **अवधि:** यस प्रशिक्षणको अवधि पाँच (५) कार्य दिनको हुनेछ। एक दिनमा तीन (३) सत्र समावेश गरिनेछ। एक (१) सत्रको समय एक घण्टा तीस मिनेटको हुनेछ।

## १.५ पाठयक्रमको संरचना

प्रस्तुत पाठयक्रम उच्च अदालतको अधिकारक्षेत्र भित्रका मुद्दाहरुको न्याय सम्पादन गर्दा न्यायाधीशहरुलाई आवश्यक पर्ने ज्ञान, सीप र केही हदसम्म प्रत्यक्ष अनुभव एवं न्यायाधीशले यस विषयको कार्यसम्पादनमा सामना गर्नुपर्ने समस्याको जानकारी हुने गरी तय गरिएको छ । पाठ्यक्रममा आबश्यकताका आधारमा सैद्धान्तिक र व्यावहारिक सत्रहरु राखिएका छन्।पाठ्यक्रमको पहिलो भागमा प्रारम्भिक विषयहरु (पृष्ठभूमी, पाठ्यक्रमको लक्ष्य, उद्देश्य, अवधि, संरचना, सहभागी, प्रशिक्षण विधि, मूल्याङ्कन लगायतका विषयहरू) रहेको छ । दोश्रो भागमा प्रशिक्षणका मोडयूल बमोजिमका सत्रहरु समावेश गरिएको छ। पाठ्यक्रमको अन्त्यमा सन्दर्भ सामग्रीको विवरण रहेको छ।

## १.६ पाठ्यक्रमका मोड्युल वा सत्रहरु

यस प्रशिक्षणमा देहाय बमोजिम चार (४) वटा मोड्युल अन्तर्गत पन्ध्र (१५) वटा सत्रहरु समावेश गरिएकोछ।

**मोड्यूल एक राजश्व सम्बन्धी सैद्धान्तिक अवधारणा**

सत्र एक राजस्व प्रशासनको अवधारणा र नेपालको राजस्व प्रशासन प्रणाली

सत्र दुई नेपालको राजश्व प्रणाली र राजश्व चुहावटका क्षेत्रहरू

**मोड्यूल दुई राजस्व प्रशासन सम्बन्धी कानूनहरु**

सत्र एक भन्सार ऐन, २०६४ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू

सत्र दुई आयकर ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू

सत्र तीन मूल्य अभिवृद्धि कर ऐन, २०५२ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू

सत्र चार अन्तः शुल्क ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू

सत्र पाँच राजस्व प्रशासन सम्बन्धी कानूनहरू बीचको अन्तरसम्बन्ध, समस्या र चुनौति (उच्च अदालतको राजस्व सम्बन्धी मुद्दामा क्षेत्राधिकार)

सत्र छ विदेशी विनिमय अपचलन सम्बन्धी कसूर र कानूनी व्यवस्था

**मोड्यूल तीन राजश्व चुहावट सम्बन्धी मुद्दाको अनुसन्धान, अभियोजन**

सत्र एक राजश्व चुहावट सम्बन्धी मुद्दाको अनुसन्धान पद्धति

सत्र दुई राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन नीति, पद्धति, कार्यविधि र आधारहरू

सत्र तीन राजश्व चुहावट सम्बन्धी मुद्दामा थुनछेक

सत्र चार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले गरेका प्रमुख व्यवस्थाहरू र राजश्व चुहावटको विगो निर्धारण गर्ने तरिका र आधारहरु

**मोड्यूल चार राजश्व चुहावट सम्बन्धी मुद्दामा न्याय सम्पादन**

सत्र एक राजश्व चुहावट मुद्दामा प्रमाण प्रस्तुतीकरण, परीक्षण र मुल्यांकन र आधारभूत मान्यताहरू

सत्र दुई राजस्व सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण

**मोड्यूल ५ समस्या समाधान**

सत्र एक खुला सत्र (प्यानल)

## १.७ प्रशिक्षण सञ्चालन विधि र प्रशिक्षण मूल्याङ्कन

बजेट तथा समय अनुसार प्रशिक्षण आवासीय तथा गैरआवासीय रुपमा सञ्चालन गर्न सकिनेछ। प्रशिक्षणका प्रशिक्षक/श्रोत व्यक्ति चयन गर्दा प्रतिष्ठानको नियमानुसार सूचीकृत प्रशिक्षक तथा विज्ञ

व्यक्तिबाट चयन गरिनेछ। प्रशिक्षकले सत्र सञ्चालन गर्दा वयस्क प्रशिक्षण विधि अवलम्बन गर्नु पर्नेछ। समग्र प्रशिक्षण, श्रोत व्यक्ति र सहभागीहरुको मूल्याङ्कन हुनेछ। आवश्यकताका आधारमा पूर्व प्रशिक्षण मूल्याङ्कन, प्रशिक्षण पश्चातको मूल्याङ्कन, प्रशिक्षण सत्रको मूल्याङ्कन र समग्र प्रशिक्षणको मूल्याङ्कन प्रतिष्ठानले तोकेको ढाँचा बमोजिम हुनेछ।

# भाग दुई

## मोड्यूल र सत्र

### २.१ मोड्यूल एक: राजश्व सम्बन्धी सैद्धान्तिक अबधारणा

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | राजस्व प्रशासनको अवधारणा र नेपालको राजस्व प्रशासन प्रणाली | • राजस्वको अवधारणा<br>• राजस्व प्रशासनको अवधारणा<br>• विश्व भन्सार संगठन<br>• विश्व व्यापार संगठन र GATT को अवधारणा<br>• नेपालको राजस्व नीति र यसको विकास<br>• नेपालमा राजस्व प्रशासन र यसको विकास<br>○ संरचनागत व्यवस्था<br>○ कानूनी व्यवस्था<br>○ नीतिगत व्यवस्था<br>○ कार्यविधिगत व्यवस्था<br>• राजस्व / कर प्रशासन र न्यायिक अधिकार<br>• राजस्व प्रशासनका प्रमुख चुनौतिहरु<br>• राजस्व प्रशासन र अदालतबिचको अन्तरसम्बन्ध | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |
| २. | नेपालको राजश्व प्रणाली र राजश्व चुहावटका क्षेत्रहरू | • कर र गैरकर राजस्व<br>• राजस्व अधिकार तथा त्यसको बाँडफाँट (संघ, प्रदेश र स्थानीय तह)<br>• राजस्व चुहावटका क्षेत्रहरु<br>○ भन्सार महशुल, | १ घण्टा ३० मिनेट | प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया |

| | | | | |
|---|---|---|---|---|
| | | ○ अन्तशुल्क,<br>○ मूल्य अभिवृद्धि कर,<br>○ आयकर,<br>○ सवारी साधन कर,<br>○ घरजग्गा बहाल कर,<br>○ सम्पत्ति कर र अन्य कर<br>• राजस्व चुहावटका तरिकाहरु<br>• राजस्व चुहावटका कारणहरु | | |

## २.२ मोड्युल दुई: राजश्व प्रशासन सम्बन्धी कानूनहरु

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | भन्सार ऐन, २०६४ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | • भन्सारको अवधारणा<br>• भन्सार महसुल निर्धारणको प्रक्रिया र चरणहरु<br>• अन्तराष्ट्रिय स्तरको बस्तु वर्गीकरण हार्मोनाइज्ड प्रकृया<br>• अन्तराष्ट्रिय व्यापारमा प्रयोग हुने शब्दाबली<br>• भन्सार ऐनका मुख्य व्यवस्थाहरु<br>• मुख्य मुख्य शब्दाबलीहरु<br>• भन्सार महशुल र यसमा हुने छुट<br>• भन्सार मुल्य निर्धारण<br>• प्रज्ञापनपत्र र मालबस्तुको जाँच<br>• ऐनका सान्दर्भिक अन्य व्यवस्थाहरु<br>• भन्सार नियमाली, २०६४ का सान्दर्भिक मुख्य व्यवस्था<br>• चोरी पैठारी र भन्सार छली तथा चुहावटका संभाब्य अवस्था | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |
| २. | आयकर ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | • आयकरको अवधारणा<br>• आयकरमा प्रयोग हुने मुख्य मुख्य शब्दावली (जस्तैः मूनाफा र लाभ, आय, निर्धारण योग्य आय, करयोग्य आय, समायोजित करयोग्य आय आदि)<br>• व्यापार लगानी र रोजगारबाट भएको आयको गणना | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन |

| | | | | |
|---|---|---|---|---|
| | | • आयकर छुट तथा सुविधाहरु<br>• खर्च तथा नोक्शनी कट्टी सम्बन्धी व्यवस्था<br>• कर लेखांकन<br>• चारित्रीकरण तथा प्रमाणीकरण<br>• पूंजिगत लाभमा कर<br>• कर निर्धारण र कर निर्धारणको आधार बिन्दु<br>• ऐनका सान्दर्भिक अन्य व्यवस्थाहरु<br>• आयकर नियमावली, २०५९ का सान्दर्भिक मुख्य व्यवस्था<br>• आयकर चुहावटका संभाब्य अवस्था<br>• दोहोरो कर<br>• करार पछि करको दायित्व | | गराउने र समाधान पहिल्याउने। |
| ३. | मूल्य अभिवृद्धि कर ऐन, २०५२ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | • अवधारणा<br>• मूल्य अभिवृद्धि करको दायरा<br>○ कर लाग्ने मुल्य<br>○ वस्तु र सेवामा मूल्य अभिवृद्धि कर<br>○ कर दाता र कर लाग्ने कारोवार<br>• मूल्य अभिवृद्धि कर असुलीदेखि फिर्ता सम्मको प्रक्रिया ( वस्तु र सेवा दुवैमा)<br>○ कर असुली<br>○ कर फिर्ता<br>• विवरण र कर निर्धारण | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

| | | | | |
|---|---|---|---|---|
| | | • मूल्य अभिवृद्धि कर दाखिला गर्नुपर्ने दायित्व<br>• मूल्य अभिवृद्धि कर चुहावटका प्रकार<br>• बिगो कायम<br>• मूल्य अभिवृद्धि कर ऐन र आर्थिक ऐन अन्तरसम्वन्ध<br>• वर्तमान अवस्थामा देखिएका चुहावटका प्रकारहरु<br>  ○ पहिचानका आधार<br>  ○ रोकथाम र न्यूनीकरण<br>• मूल्य अभिवृद्धि कर सँग सम्बन्धित राजस्व चुहावटको पहिचानमा बिक्री खाता, खरिद खाता मौज्दात र क्यास बुकको महत्व र सान्दर्भिकता | | |
| ४. | अन्तः शुल्क ऐन, २०५८ र यसले समेटेका मूलभूत अन्तरनिहित पक्षहरू | • अन्तः शुल्कको अवधारणा<br>• अन्तः शुल्कमा प्रयोग हुने मुख्य शब्दावली<br>  ○ स्वयँ निष्काशन तथा भौतिक नियन्त्रण व्यवस्था<br>  ○ अन्तःशुल्क स्टिकर<br>  ○ जर्ति<br>• अन्तः शुल्क निर्धारण र असुली<br>• अन्तः शुल्क नलाग्ने अवस्था र छुट<br>• ऐनका सान्दर्भिक अन्य व्यवस्थाहरु<br>• अन्त शुल्क नियमावली, २०५९ का सान्दर्भिक मुख्य व्यवस्था | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

| | | | | |
|---|---|---|---|---|
| | | • अन्त शुल्क चुहावटका संभाव्य अवस्थाहरु | | |
| ५. | राजस्व प्रशासन सम्बन्धी कानूनहरू बीचको अन्तरसम्बन्ध, समस्या र चुनौति (उच्च अदालतको राजस्व सम्बन्धी मुद्दामा क्षेत्राधिकारसमेत) | • उच्च अदालतको राजस्व सम्बन्धी मुद्दामा क्षेत्राधिकार<br>○ साधारण अधिकार क्षेत्र<br>○ असाधारण अधिकार क्षेत्र<br>• राजस्व न्यायाधिकरण, प्रशासकीय पुनरावलोकन, रिट र राजस्व मुद्दाबिच भिन्नता तथा आकर्षित हुने अवस्थाहरु<br>• राजस्व प्रशासनसम्बन्धी कानूनबिचको पारस्पारिक अन्तरसम्बन्ध<br>• राजस्व चुहावट नियन्त्रण ऐन र राजस्वसम्बन्धी अन्य कानूनमा भएको कसूरबिच भिन्नता तथा आकर्षित हुने अवस्थाहरु | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |
| ६. | विदेशी विनिमय अपचलन सम्बन्धी कसूर र कानूनी व्यवस्था | • विदेशी विनिमय र यसको अपचलनको अवधारणा<br>• विदेशी विनिमयको कारोवार<br>• ऐनले कसूर मानेका कार्यहरु<br>• अनुसन्धान र अभियोजन<br>• बिगो कायम<br>• अदालतको क्षेत्राधिकार<br>• विदेशी विनिमय अपचलनका संभाव्य अवस्थाहरु<br>• हालको अवस्था, समस्या र सुधार | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

## २.३ मोड्युल तीन: राजश्व सम्बन्धी मुद्दाको अनुसन्धान र अभियोजन

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | राजश्व चुहावट सम्बन्धी मुद्दाको अनुसन्धान पद्धति | • अनुसन्धानको अधिकार क्षेत्र<br>• अनुसन्धान अधिकारी<br>• पक्राउ पूर्जि जारी गर्ने, अनुमति माग र प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• म्याद थप माग र प्रदान गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• राजस्व चुहावट मुद्दाका संभाव्य प्रमाणहरु<br>• बरामदी सामान र यसको व्यवस्थापन<br>• प्रमाण संकलन तथा परीक्षण एवं त्यसमा देखिएको समस्या र सुधारका क्षेत्रहरु<br>• विभागबाट माग हुने धरौटीको आधार<br>• अन्य आवश्यक विषयमा खुला छलफल | २ घण्टा | • यस सत्रलाई दुई भागमा विभाजन गर्ने ।<br>• पहिलो भागमा श्रोत व्यक्तिले व्यक्तिको प्रस्तुती गर्ने (प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलसमेत)<br>• दोश्रो भागमा राजस्व अनुसन्धान विभागको महानिर्देशकलाई आमन्त्रण गरी अन्तरक्रिया गर्ने |
| २. | राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन नीति, पद्धति, कार्यविधि र आधारहरू | • राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन नीति र पद्धति<br>• राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन कार्यविधि<br>• राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजन सम्बद्ध कानून<br>• राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजनका आधार र ध्यान दिनुपर्ने कुराहरु | २ घण्टा | • यस सत्रलाई दुई भागमा विभाजन गर्ने ।<br>• पहिलो भागमा श्रोत व्यक्तिले व्यक्तिको प्रस्तुती गर्ने (प्रवचन, प्रश्नोत्तर र समूहगत छलफलसमेत)<br>• दोश्रो भागमा महान्यायाधिवक्ताको |

| | | | | |
|---|---|---|---|---|
| | | • राजश्व चुहावट सम्बन्धी मुद्दाको अभियोजनका सम्बन्धमा अहिले देखिएका समस्या र सुधारका क्षेत्रहरु<br>• अन्य आवश्यक विषयमा खुला छलफल | | कार्यालयका प्रतिनिधि वा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्ता आमन्त्रण गरी अन्तरक्रिया गर्ने। |
| ३. | राजश्व चुहावट सम्बन्धी मुद्दामा थुनछेक | • थुनछेक सम्बन्धी अवधारणा<br>• थुनछेक सम्बन्धी कानूनी व्यवस्था<br>• थुना, धरौट वा तारेखमा राख्ने अवस्था, आधार तथा यसमा ध्यान दिनुपर्ने कुराहरु<br>• धरौट माग गर्नुपर्ने अवस्थामा धरौट अंक तोक्ने आधारहरु<br>• थुनछेक सम्बन्धमा देखिएको अवस्था, समस्या र सुधार | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |
| ४. | राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ ले गरेका प्रमुख व्यवस्थाहरू र राजश्व चुहावटको विगो निर्धारण गर्ने तरिका र आधारहरु | • राजस्व चुहावटको सूचना र जानकारी<br>• अनुसन्धान अधिकारी नियुक्ति<br>• अनुसन्धान अधिकारीको काम, कर्तब्य र अधिकार<br>• सम्बन्धित कसुरको पहिचान<br>• राजश्व चुहावटको विगो निर्धारण गर्ने तरिका र आधारहरु (उदाहरण सहित)<br>○ आयकर चुहावट<br>○ भन्सार चुहावट<br>○ मुल्य अभिवृद्दिकर चुहावट | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

| | | | | |
|---|---|---|---|---|
| | | ○ अन्त शुल्क चुहावट<br>○ अन्य चुहावट<br>• प्रमाणको मूल्याङ्कन र बयान<br>• कसूर स्थापित गर्न संकलन भएका प्रमाणहरूको मूल्याङ्कन<br>○ खरिद खाता<br>○ बिक्री खाता<br>○ मौजाद<br>○ यसमा देखिएका फरकपन र अन्य प्रमाणको मूल्याङ्कन<br>• दायित्व निर्धारण र दायित्व वहन गर्नुपर्नेलाई सफाईको मौका<br>• बिगो कायम र सो को आधार<br>• पुरस्कार<br>• हदम्याद र क्षेत्राधिकार | | |

## २.४ मोडयूल चार: राजश्व सम्बन्धी मुद्दामा न्याय सम्पादन

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | राजश्व चुहावट मुद्दामा प्रमाण प्रस्तुतीकरण, परीक्षण र मुल्यांकन र आधारभूत मान्यताहरू | • प्रमाणको प्रस्तुती र परीक्षण<br>• अदालतबाट हेरिनुपर्ने आधारभूत कुराहरु<br>• प्रमाणको मूल्याङ्कन र विश्लेषणमा ध्यान दिनुपर्ने पक्षहरु<br>  ○ आयकरसँग सम्बन्धित<br>    ▪ खर्च कट्टी<br>    ▪ नोक्सानी<br>    ▪ कर छुट<br>    ▪ अन्य<br>  ○ मूल्य अभिवृद्धि करसँग सम्बन्धित<br>    ▪ विल विजक (सक्कली, नक्कली)<br>    ▪ कारोवार सहि गलत<br>    ▪ खरिद खाता<br>    ▪ बिक्री खाता<br>    ▪ मौज्दात खाता<br>    ▪ भुक्तानी<br>      • Banking<br>      • गैर Banking<br>    ▪ अन्य<br>  ○ भन्सार ऐनसँग सम्बन्धित<br>    ▪ प्रज्ञापनपत्र | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ भन्सार एजेन्ट<br>▪ कर्मचारी<br>▪ ढुवानीको साधन<br>▪ अन्य<br>○ अन्तशुल्कसँग सम्बन्धित<br>○ अन्य चुहावटसँग सम्बन्धित | | |
| २. | राजस्व सम्बन्धी मुद्दामा न्यायिक दृष्टिकोण | • फैसला गर्दा ध्यान दिनुपर्ने कुराहरु<br>• विदेशी मुलुकबाट भएका फैसला<br>• सर्वोच्च अदालतबाट भएका फैसला | १ घण्टा ३० मिनेट | • प्रवचन, प्रश्नोत्तर र समूहगत छलफल तथा अन्तरक्रिया<br>• काल्पनिक तथा वास्तविक मुद्दाका विवादीत विषयमा मष्तिष्क मन्थन गराउने र समाधान पहिल्याउने। |

## २.४ मोडयूल पाँच: समस्या समाधान

| सत्र | विषयवस्तु | समेटिने विषयहरु | समय | प्रशिक्षण विधि |
|---|---|---|---|---|
| १. | खुला छलफल (प्यानल छलफल) | • अन्तरक्रियात्मक खुला छलफल<br>• जिज्ञाशा<br>• सुझाब | २ घण्टा | सर्वोच्च अदालतका माननीय न्यायाधीशको अध्यक्षतामा राजस्व अनुसन्धान विभागका महानिर्देशक, राजस्व न्यायाधीकरणको अनुभव भएका माननीय न्यायाधीश, महान्यायाधिवक्ता कार्यालयका प्रतिनिधिको प्यानल बनाई अन्तरक्रिया गर्ने । |

**सन्दर्भ सामग्री**


❖ संविधान

- नेपालको संविधान

❖ ऐन

- अन्तः शुल्क ऐन, २०५८
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- आयकर ऐन, २०५८
- आर्थिक ऐन, २०७८
- न्याय प्रशासन ऐन, २०७३
- भन्सार ऐन, २०६४
- मदिरा ऐन, २०३१
- मूल्य अभिवृद्धि कर ऐन, २०५२
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२
- राजस्व न्यायाधिकरण ऐन, २०३१
- विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९

❖ नियम/निर्देशिका

- उच्च अदालत नियमावली, २०७३
- राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७०
- अन्तःशुल्क नियमावली, २०५९
- आयकर नियमावली, २०५९
- मूल्य अभिवृद्धि कर नियमावली २०५३
- मदिरा नियमावली २०३३
- विदेशी विनिमय (नियमित गर्ने) नियमहरु, २०२०
- जग्गा तथा घरजग्गा निसर्गमा पुँजीगत लाभकर सम्बन्धी निर्देशिका, २०७२
- मूल्य अभिवृद्धि कर निर्देशिका, २०६९
- अन्तःशुल्क निर्देशिका, २०६८
- आयकर निर्देशिका, २०६६

❖ संग्रह

- दोहोरो करमुक्ति तथा वित्तिय छल निरोध सम्झौता संग्रह, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, २०७३

- सर्वोच्च अदालतबाट भएका कर सम्बन्धी फैसला/नजीरहरुको संग्रह, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, २०७३

❖ पुस्तक/लेख

- Dr. Pushpa Raj Kandel, Tax Law and Tax Planning in Nepal, Buddha Academic Publishers and Distributors, 2006
- Dr. Pushpa Raj Kandel, Tax Laws and Tax planning in Nepal, Buddha Academic Publishers and Distributors Pvt. Ltd, 2003
- Final Act embodying the results of the Uruguay Round of Multilateral Trade Negotiations, Punta del Este, Uruguay, September, 1986
- Rup Bahadur Khadka, Nepalese Tax System, Sajha Prakashan, 2000
- Tax Law: Designing & Drafting, Victor Thourny (ed.), IMF, 1996
- Umesh Raj Pandeya, URP's Book on Income Tax And Vat-Theory, 2076
- पवन कुमार ओझा, कर कानूनका सिद्धान्तहरू, पैरवी प्रकाशन, २०५३
- भवनाथ दाहाल, आयकर र मूल्य अभिवृद्धि कर, २०६५
- शरदप्रसाद कोइराला, आयकर कानून, २०७८
- Krishna Raj Acharya, An economic analysis of government revenue and expenditure in Nepal, Tribhuvan University Journal, Vol. 31, No. 1 & 2, June/Dec, 2017